बैठक संख्या १५

आज मिति २०८२/०२/१८ गते आइतवारका दिन साँझ ५:०० बजे यस आ.व. अन्तर्गत रामपुर नगर कार्यपालिकाको १५ औं बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँडठकुरी | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |
| २२. | | | |
| २३. | | | |
| २४. | | | |
| २५. | | | |
| २६. | | | |

CamScanner

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को पन्ध्रौ कार्यपालिकाको बैठकका

## प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।
२) आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमको तयारी छलफल सम्बन्धमा ।
३) नदीजन्य सामग्री उपलब्ध गराउने सम्बन्धमा ।
४) अल्पकालीन सुरक्षित आवास गृहका लागि आवश्यक रकम उपलब्ध गराउने सम्बन्धमा ।
५) योजना माग सम्बन्धमा ।
६) विविध

## निर्णयहरु

१. निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०१/२५ गते बसेको १४ औं कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

१ आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयारीका लागि विषयगत समिति तथा वडागत रुपमा महत्वपूर्ण नीति, कार्यक्रम प्राप्त गर्ने निर्णय गरियो ।

२ आ.व. २०८०/०८१ अन्तर्गत विनियोजन गरिएको योजना कार्यान्वयनको अवस्थाका बारेमा नगर उप-प्रमुख तथा अनुगमन समितिका संयोजक श्री बालकुमारी थापाज्यूले तपसिल बमोजिमको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

३ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ उपदफा १ मा स्थानीय स्तरीय सहजीकरण समिति गठन अन्तर्गत कार्यपालिका सदस्यहरु मध्येबाट एक जना दलित वा अल्पसंख्यक र एक महिला गरी दुईजना सदस्य हुने व्यवस्था रहेकोमा तपसिल बमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

क) कार्यपालिका सदस्य श्री माया देवी नेपाली
ख) कार्यपालिका सदस्य श्री शारदा आचार्य

४ भूमि समस्या समाधान आयोग, जिल्ला समिति, पाल्पाको च.नं. १९, पत्र संख्या ०८१/८२, मिति २०८२/०१/२४ गतेको पत्रानुसार विगतमा प्रथम पटक लगत संकलनको ३५ दिने सूचना प्रकाशन भैसकेका स्थानीय तहहरुको हकमा पुनः लगन संकलनको लागि ३५ दिने सूचना प्रकाशन र कारण सहित विवरण उपलब्ध गराउनका लागि पत्र प्राप्त भएकोमा तपसिल बमोजिमका कारणहरु लेखी पठाइयो ।

तपसिलः

१. पहिलो चरणको सूचनामा विभिन्न कारणले छुट भएका लाभग्राहीहरूलाई पुनः विवरण दर्ता गर्न अवसर उपलब्ध गराउन।
२. अपूर्ण वा त्रुटिपूर्ण विवरण पेश भएका व्यक्तिहरूलाई सुधार वा पुनः विवरण पेश गर्ने मौका दिन ।
३. सूचनाको अभाव, जानकारीको कमीले गर्दा विवरण दर्ताबाट वञ्चित भएकाहरूलाई सहभागी गराउन।

४. स्थानिय तहमा प्राप्त गुनासाहरू तथा मागहरूको आधारमा समावेश हुन बाँकी लाभग्राहीहरूको
विवरण
संकलन गर्न।
५. स्थलगत अनुगमन तथा पुनरावलोकनको क्रममा थपिएका वा पहिचान भएका नयाँ लाभग्राहीहरूको
लगत संकलन गर्न।
६. लगत संकलनको प्रक्रिया पारदर्शी, समावेशी र न्यायोचित बनाउने उद्देश्यले सबै सम्भावित
लाभग्राहीहरूलाई पुनः अवसर प्रदान गर्न।

५ रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रामपुर नगरपालिका वडा नं. ८ गोर्खाली गाउँमा कार्यान्वयन हुने गोर्खाली गाउँ घुम्ति देखि कुम्राङ्ग जाने मोटर बाटो तथा ठूलो पधेरो टंकी संरक्षण योजना भू तथा जलधार व्यवस्थापन कार्यालय, तानसेन पाल्पासँग साझेदारीमा कार्यान्वयन गर्ने प्रतिबद्धता गरिएकोमा रु १,००,०००/-(रु एक लाख) साझेदारी गर्ने निर्णय गरियो ।

६ विभिन्न शीर्षकहरुबाट भुक्तानी हुने गरी विभिन्न व्यक्तिहरुलाई आर्थिक सहयोग गरिएको ।

७ मिति २०८२/०१/१० गते बसेको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट प्राप्त निर्णयहरुलाई सदर गरिएको

८ विपद् मा परेका व्यक्तिहरुलाई राहत रकम विपद व्यवस्थापन कोष शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
९. किसान सूचिकरण सम्बन्धी विवाद निरुपण लगायत कार्य गर्नको लागि किसान सुचिकरण समन्वय समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

१०. रामपुर शीत भण्डारमा आलु भण्डारण कार्य गर्ने कामदारहरुलाई प्रति बोरा रु 13.का दरले ज्याला दिने निर्णय गरियो ।

११.माथि उल्लेखित लगायत विभिन्न विषयमा छलफल गरिएको ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को वार्षिक नीति तथ कार्यक्रम तयारीका लागि विषयगत समिति तथा वडागत रुपमा प्राप्त हुने महत्वपूर्ण नीति तथ कार्यक्रमका बारेमा छलफल गरियो साथै नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्य तयारी गर्ने कार्यलाई प्रभावकारी, जनमुखी र प्रतिफलमुखी बनाउन उपयुक्त हुने विषयहरुका सम्बन्धमा आफ्न अमूल्य राय, सुझावहरु प्राप्त गर्न यस नगरपालिकाका नगर सल्लाहकार र राजनितिक दलहरुसँग बैठक बस्ने निर्णय गरियो ।

CamScanner

३ . निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा मोवाइल निर्माण सेवा, रामपुर-४, पाल्पाको पत्र संख्या ०८१/०८२, मिति २०८२/०२/१० गतेको पत्रानुसार सडक पूर्वाधार विकास कार्यालय तानसेन र उक्त कम्पनी बिच सम्झौता भएको ठेक्का नं. RIDO-PAL-W-NBC-35-2081/082, Upgrading Of Hatemalo Madarsa School Bhimsentole Galmadi Khola Nali Nirman & Tatbandhan Nirman, Rampur-04, Palpa को निर्माण कार्य मध्ये Gabion र Soling को लागि १९३ घ.मि. ढुङ्गा आवश्य पर्ने भएकोले पालिका भित्र पर्ने बड्भान घाट देखी नियम अनुसार राजस्व तिरी निकाली पाँउ भनी लेखी आएकोमा १५ औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा, ईलाका प्रहरी कार्यालय तथा वडा कार्यालयको समन्वयमा १९३ घ.मि. ढुङ्गा बडभान घाटबाट प्रयोग गर्ने गरी उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्ला समन्वय समिति, तानसेन पाल्पाको प.सं. ०८१/०८२, च.नं. ४४०, मिति २०८२/०२/०४ गतेको पत्रानुसार हिंसा प्रभावित महिलाका लागि अल्पकालीन सुरक्षित आवास गृह निर्माण गरिएकोमा यस नगरपालिकाबाट पूर्ववत निर्णय बमोजिमको रकम रु १,२५,०००/-(रु एक लाख पचास हजार) उपलब्ध गराउनका लागि लेखी आएकोले उक्त रकम जिल्ला समन्वय समितिको कार्यालयको नाममा चेक मार्फत उपलब्ध गराउने निर्णय गरियो ।

५. निर्णय नं. ५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा वातावरण संरक्षण ऐन २०७६ को दफा २१ को उपदफा २ (ग) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा र आफ्नो स्थानीय तहभित्र प्रदुषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा स्थानीय तहले स्थानीय तहको कुनै कर्मचारीलाई वातावरण निरीक्षक तोक्नु पर्ने व्यवस्था भएकोमा यस कार्यालयमा गठीत वातावरण तथा विपद् व्यवस्थापन समितिका सदस्य सचिव कृष्ण बहादुर थापालाई तोक्ने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ६ माथि छलफल गर्दा पाल्पा जिल्ला तानसेन सदरमुकाम देखी ६८ कि.मि. पूर्व र राजधानी काठमाडौं देखी २५० कि.मि. टाढा रहेको यस पालिका कुल १२३.३४ क्षेत्रफलमा फैलिएको र वि.सं. २०७८ को जनगणना अनुसार ४०,८८३ जनसंख्या भएको साथै हाल करिब ७०,००० भन्दा बढी बसोबासी संख्या भएको कालीगण्डकी उपत्यकाको एक ठूलो शहरको रुपमा विकसित हुदै गइराखेको अवस्थामा यस नगरपालिकामा स्याङ्जा जिल्ला, तनँहु जिल्ला, पूर्वि नवलपुर जिल्लाका विभिन्न पालिकाहरु र पाल्पा जिल्लाका विभिन्न पालिकाहरुबाट बसाँइसराइ गरी यस नगरपालिकामा आउने जनसंख्या बढदो रुपमा रहेको छ । तसर्थ बढ्दो शहरीकरण सँगै यस क्षेत्रको आर्थिक, सामाजिक, पर्यटकीय, पूर्वाधार, सिँचाइ, खानेपानी लगायतका सम्पूर्ण क्षेत्रहरुमा विकास गर्न अति आवश्यक देखिएको हुँदा आ.व.

२०८२/०८३ अन्तर्गत प्रदेश सरकार अन्तर्गत तपसिल बमोजिमका योजनाहरु विनियोजनका लागि सम्बन्धित मन्त्रालयहरुमा माग गरी पठाउने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | योजनाको नाम | मन्त्रालय |
|---|---|---|
| १ | रातामाटा बरभञ्ज्याङ्ग मोटर बाटो स्तरोन्नती, रामपुर, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| २ | पन्थे, बर्दाकोट हुँदै वडा कार्यालय सम्म सडक स्तरोन्नती, रामपुर-१, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ३ | रजघरा देखि वडा कार्यालय पहुँच मार्ग कालोपत्रे, रामपुर-३, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ४ | गाग्री आँप देखि कृष्ण देवि मा.वि. जाने मो.बा. स्तरोन्नती, रामपुर-२, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ५ | सोमरा देखि गौरीघाट पुल जाने मोटर बाटो नाली सहित कालोपत्रे, रामपुर-६, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ६ | बगर सर्पराज विक्रमादी मो.बा. स्तरोन्नती, रामपुर-७, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ७ | देविस्थान, वरडाँडा रेवतीपोखरा सिताकुण्ड मार्ग स्तरोन्नती, रामपुर-४, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ८ | कोटडाँडा देखि नवदुर्गा मन्दिर जाने मो.बा. स्तरोन्नती, रामपुर-९, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ९ | टेलिकम चोक देखि उत्तर तर्फ जाने मो.बा. कालोपत्रे, रामपुर-५, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १० | बस्यालबारी एक्ले चौर मो.बा. स्तरोन्नती, रामपुर-१०, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ११ | भलायटार देखि बनकट्टा जाने मोटर बाटो स्तरोन्नती, रामपुर-२, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १२ | रातोढिक वडभान मोटर बाटो स्तरोन्नती, रामपुर-४, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १३ | बागमती सोमरा मोटर बाटो स्तरोन्नती, रामपुर-६, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १४ | खोप्टार भित्री बाटो स्तरोन्नती, रामपुर-४, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १५ | बाघखोर झिरुछाप भुजात करिडोर सडक निर्माण, रामपुर-८, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |

| | | |
|---|---|---|
| १६ | कालीआँप देखि विजयपुर खेत हुँदै कण्डेलबारी जाने मो.बा. स्तरोन्नती, रामपुर-६, पाल्पा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १७ | छाँदी झरना निर्माण, रामपुर-१, पाल्पा | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय |
| १८ | बाघको ढाड क्षेत्र विकास कार्यक्रम, रामपुर-६, पाल्पा | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय |
| १९ | वशिष्ट गुफा व्यवस्थापन, रामपुर-४, पाल्पा | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय |
| २० | आलु पकेट क्षेत्र विकास कार्यक्रम, रामपुर, पाल्पा | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| २१ | नमुना फलफुल बगैंचा निर्माण, रामपुर, पाल्पा | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| २२ | होस्दी तल्लो कुलो निर्माण, रामपुर-१०, पाल्पा | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| २३ | गैडी कुलो निर्माण तथा मर्मत, रामपुर-८, पाल्पा | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| २४ | कौवा कुलो निर्माण तथा मर्मत, रामपुर-६, पाल्पा | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| २५ | गैरा पनारी कुलो निर्माण तथा मर्मत, रामपुर-६, पाल्पा | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| २६ | प्याक्लुक रातामाटा तल्लो कुलो निर्माण तथा मर्मत, रामपुर-६, पाल्पा | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| २७ | कठान तल्लो कुलो निर्माण, रामपुर-७, पाल्पा | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| २८ | गेब्दी खोला सिखार्दी सामुदायिक वन कार्यालय निर्माण, रामपुर-१०, पाल्पा | वन तथा वातावरण मन्त्रालय |
| २९ | नवदुर्गा मा.वि. बाल उद्यान निर्माण, रामपुर-६, पाल्पा | सामाजिक विकास मन्त्रालय |
| ३० | भानु भक्त मा.वि. बाल उद्यान निर्माण, रामपुर-१०, पाल्पा | सामाजिक विकास मन्त्रालय |
| ३१ | दरैठाँटी मा.वि. खानेपानी व्यवस्थापन, रामपुर-६, पाल्पा | शहरी विकास तथा खानेपानी मन्त्रालय |
| ३२ | रजघरा खानेपानी तथा सरसफाई आयोजना, रामपुर-३, पाल्पा | शहरी विकास तथा खानेपानी मन्त्रालय |
| ३३ | योगहल निर्माण, रामपुर-६, पाल्पा | स्वास्थ्य मन्त्रालय |
| ३४ | खयरबोट खेलमैदान निर्माण, रामपुर-२, पाल्पा | युवा तथा खेलकुद मन्त्रालय |
| ३५ | निसर्दी खेलमैदान निर्माण, रामपुर-८, पाल्पा | युवा तथा खेलकुद मन्त्रालय |
| ३६ | खटाङ्ग खेलमैदान निर्माण, रामपुर-१, पाल्पा | युवा तथा खेलकुद मन्त्रालय |

CS CamScanner

निर्णय नं. ७, प्रस्ताव नं. ६ माथि छलफल गर्दा विभिन्न आर्थिक सहयोग तपसिल बमोजिमका शिर्षकहरुबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

तपसिल:

| क.सं. | नामथर | ठेगाना | विवरण | रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | ऋषि थापा | रा.न.पा-६, पाल्पा | प्याकलुक माझ कुलोको बाँध जिर्ण भएकोले मर्मत | रु २५,०००/- (पच्चीस हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |
| २ | हरि प्रसाद अर्याल | रा.न.पा-८, पाल्पा | बरल्याङ्गदी खेतकुलो बर्षायामको पानीले बगाएर कुलोमा क्षती | रु २५,०००/- (पच्चीस हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |

८. निर्णय नं. ८, प्रस्ताव नं. ६ माथि छलफल गर्दा सुवेदी निर्माण सेवाका प्रो. निराजन रेग्मीले मिति २०८२/०२/१८ गते लस्करे, बाँझोबारी, माछापोखरी मोटरबाटो(FPIU Rupandehi) निर्माण कार्य भएको र गत वर्षको भारीवर्षाले पहिरो गई ढलान तथा मेसिनरी वाल निर्माण गर्नुपर्ने भएकोले आवश्यक ढुँगा, गिट्टी तथा बालुवा आवश्यक परेको हुँदा उपलब्ध गराइदिनुहुन भनी लेखी आएकोले १५ औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा, ईलाका प्रहरी कार्यालय तथा वडा कार्यालयको समन्वयमा ८० घ.मि. ढुङ्गा, गिट्टी, बालुवा बडभान घाटबाट प्रयोग गर्ने गरी उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

९. निर्णय नं. ९, प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामपुर नगरपालिका १० नं. वडा कार्यालयको च.नं. १६२२, प.सं. २०८१/०८२, मिति २०८२/०२/०४ गतेको पत्रानुसार उक्त वडा अन्तर्गत रहेको हेक्लाङ्ग फाँट खानेपानी योजनाको लागि करिव ३०० मी. पाईप आवश्यक भएकोले उक्त खानेपानी व्यवस्थापनका लागि आवश्यक रकम विनियोजनका लागि रकम माग गरिएकोमा नगरस्तरीय खानेपानी मर्मत तथा निर्माण खर्च शीर्षकबाट कट्टा हुने गरी रु २५,०००/-(रु पच्चीस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ६ माथि छलफल गर्दा सक्षम मनकामना कन्स्ट्रक्सन प्रा.लि.को पत्र संख्या ०८१/०८२, च.नं. १९, मिति २०८२/०२/१४ गतेको पत्रानुसार ठेक्का नं. DVDBL/FPIU/Repand work/NCB/081/082 upgradation of Kanjihouse to buladi-Bhanbe Rangbang Bahakhola Road को लागि आवश्यक सब बेस नजिकको घाटबाट १०० घ.मी. उपलब्ध गराइदिनुहुन भनी लेखी आएकोले १५ औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE)

CamScanner

निवेदनको विषय सूचीको बुदाँ नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी रामपुर नगरपालिका वडा नं.६ मा पर्ने टुटुवाघाटबाट उक्त परिमाण प्रयोग गर्ने तथा सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा र प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस आ.व.मा रामपुर नगरपालिका अन्तर्गत विनियोजन भई कार्यान्वयनको चरणमा रहेका तपसिलको योजना कार्यान्वयनका सम्बन्धमा निर्माण व्यवसायीबाट प्राप्त निवेदन साथै उक्त स्थानको आवश्यकता अनुसार निम्न बमोजिमका योजनाहरुको Item variation तथा सम्झौता रकमको VO स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | VO गर्नुको कारण | सम्झौता रकम | VO गर्दा सम्झौता रकम भन्दा बढी/कम | सम्झौता रकम भन्दा बढि भएमा रकमको दायित्व ब्यहोर्ने शीर्षक |
|---|---|---|---|---|---|
| | रामपुर उद्योग वाणिज्य संघ अधुरो भवन निर्माण तथा कम्पाउण्ड वाल निर्माण कार्य | कम्पाउण्ड वालको जमिन भिरालो भएको र वालमा attach canteen निर्माण गर्नुपर्ने माग र आवश्यकता देखिएकोले | रु १२१५३४३.४९(मु.अ. कर सहित) | कम | |

१२. निर्णय नं. १२, प्रस्ताव नं. ६ माथि छलफल गर्दा रामपुर नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. १९६९, प.सं. ०८१/८२, मिति २०८१/१२/०१ गतेको पत्रानुसार ग्रामिण विकास तथा साना शहरी पूर्वाधार निर्माण आयोजना अन्तर्गत रामपुर नगरपालिका वडा नं.५ को वेझाँड बजार नहर पुल्चोकमा नाली नभएको र सडक मापदण्ड अनुसार चौडाइ कम भएकोले बाङ्गेपसल लाईनमा मेसिनरी वाल निर्माण र कालो पाईपको ब्यबस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिदिनु हुन भनी लेखि आएकोले नगरस्तरीय मर्मत तथा निर्माण खर्च शीर्षकबाट कट्टा हुने गरी बिल अनुसारको रकम भुक्तानी गरिदिने निर्णय गरियो ।

CamScanner